सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## उच्च शिक्षा महाशाखा

धनगढी, कैलाली, नेपाल

फोन नं : ०९१-५२६०५८
फ्याक्स नं :०९१-५२७१६८
वेबसाइट : mosd.p7.gov.np
ईमेल: mosdeducation077@gmail.com
: mosdkailali07@gmail.com

प.सं.- ०७९/०८०
च.नं.- ४६८.

मिति : २०७९।०६।२७

विषयः सुचना प्रसारण सम्बन्धमा ।

श्री सामाजिक विकास कार्यालयहरु ९ वटै ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ. व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिकित्सा शिक्षा अध्ययन छात्रवृत्तिका लागि आवेदन दिने सम्बन्धि ३५ दिने सुचना प्रकाशित गरिएको हुदाँ सो सुचना यसै पत्रसंग संलग्न गरि पठाइएको छ । उक्त सुचना त्यस कार्यालयको सुचना पाटीमा टाँस गर्न हुनका साथै जिल्ला अन्तर्गत सम्पुर्ण स्थानीय तहहरुमा समेत पठाइ प्रसारण गर्न हुन निर्देशानुसार अनुरोध छ ।

२०७९।६।२८

गोपाल दत्त जोशी
उपसचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
उच्च शिक्षा महाशाखा
धनगढी , कैलाली , नेपाल

फोन नं : ०९१-५२६०५८
फ्याक्स नं :०९१-५२७१६८
वेवसाइट : mosd.p7.gov.np
ईमेल: mosdeducation077@gmail.com
: mosdkailali07@gmail.com

मिति : २०७९।०६।२७

प.सं.- ०७९/०८०
च.नं.-

**विषय:- चिकित्सा शिक्षा अध्ययन छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

यस मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार चिकित्सा शिक्षा आयोगबाट सञ्चालित एम बि बि एस प्रवेश परीक्षा उत्तीर्ण गरी स्वदेश भित्रका विश्वविद्यालय वा चिकित्साशास्त्र अध्ययन प्रतिष्ठानमा एम.बि.बि.एस. (MBBS) प्रथम वर्ष अध्ययनरत प्रदेश भित्रका दलित, आदिवासी जनजाति, सिमान्तकृत, लोपोन्मुख समुदाय तथा जेहेन्दार विद्यार्थीका लागि **चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति** वितरण गर्ने कार्यक्रम रहेकोले तपसिलमा उल्लेखित विवरण र कागजात सहित तोकिएको समय भित्र यस मन्त्रालयको वेवसाइटमा रहेको छात्रवृत्ति सम्बन्धी पोर्टल मार्फत अनलाईन आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७९।०६।२६
गोपाल दत्त जोशी
शाखा अधिकृत

**आवेदन र आवेदन साथ पेश गर्नु पर्ने विवरण:**
छात्रवृत्ति सम्बन्धी पोर्टलमा भएको निवेदन र कबुलियतनामा रितपुर्वक भरी पोर्टलको सम्बन्धित स्थानमा तलका कागजात संलग्न गर्नु पर्नेछ

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
२. स्थायी बसोबास भएको स्थानीय तहबाट हालका मिति सम्म स्थायी बसोबास रहेको व्यहोरा खुल्ने सिफारिस पत्र,
३. विद्यार्थीले कक्षा ८, १० र १२ को अध्ययन पुरा गरेको ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,
४. विद्यार्थीले कक्षा ८, १० र १२ अध्ययन गरेको विद्यालय सामुदायिक, सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, निजी विद्यालय भएको व्यहोरा खुल्ने गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई र सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
५. नेपाल सरकार वा प्रदेश सरकारबाट उपलब्ध हुने छात्रवृत्ति कोटामा छनौट भई कक्षा ८, १०, १२ मा अध्ययन पुरा गरेका आवेदकको हकमा छात्रवृति दिने सरकारी संस्था वा निकाय र सम्बन्धित विद्यालयको छात्रवृतिको प्रकृति खुल्ने गरी गरेको सिफारिस पत्र ।
६. हाल अध्ययनरत शैक्षिक संस्थामा चिकित्साशास्त्रको स्नातक तह (MBBS) प्रथम वर्षमा अध्ययनरत रहेको र अन्य कुनै पनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा खुल्ने गरी अध्ययनरत क्याम्पसको लेटरहेडमा सक्कल सिफारिस पत्र,
७. CTEVT बाट सम्बन्धन प्राप्त वा आंगिक प्राविधिक शिक्षालयबाट तीनबर्षे डिप्लोमा उत्तिर्ण गरी MBBS अध्ययन गरि रहेको आवेदकको हकमा डिप्लोमा उत्तीर्ण मार्कसिट वा ग्रेडसिटका साथै निजले पूर्ण छात्रवृत्तिमा अध्ययन गरेको भए सो को व्यहोरा खुल्ने प्रमाण समेत संलग्न राख्नु पर्ने,
८. दलित, जनजाति, आदिवासी, लोपोन्मुख वर्ग, सीमान्तकृत समुदायको क्लष्टर भित्र परेको स्पष्ट खुल्ने सम्बन्धित आधिकारिक संस्था / निकायहरु (सम्बन्धित स्थानीय तह/जिल्ला प्रशासन कार्यालय/सम्बन्धित आयोग)बाट सिफारिस वा सम्बन्धित प्रमाणित कागजातको सक्कलै प्रति,
९. चिकित्सा शिक्षा आयोगबाट सञ्चालित एमविविएस को प्रवेश परिक्षामा विद्यार्थीले प्राप्त गरेको अंक र विद्यार्थीको Rank खुल्ने प्रमाण,
१०. सम्बन्धित क्याम्पसको खाता नम्बर र बैङ्कको नाम ठेगाना स्पष्ट देखिने गरी चेकको प्रतिलिपी ।
११. **थप जानकारी**
   क) आवेदन पेश गर्नु पर्ने अन्तिम मिति र समय:- २०७९।०६।२७ गते देखि २०७९।०७।३०गतेसम्म कार्यालय समयभित्र ।
   ख) आवेदन पेश गर्नु पर्ने:- छात्रवृत्ति वितरण सम्बन्धी अन्य व्यवस्था मन्त्रालयको वेवसाईट mosd.p7.gov.np मा रहेको एकीकृत छात्रवृत्ति व्यवस्थापन(दोस्रो संशोधन) निर्देशिका २०७९ अनुसार हुनेछ । आवेदकले उक्त वेवसाइको अन्य प्रणाली भित्र रहेको छात्रवृत्ति पोर्टलमा अनलाईन मार्फत वा mosdscholarship.com मार्फत भर्न सकिनेछ । पोर्टलमा अपलोड हुन नसकेका कागजातहरु इमेल ठेगाना mosdheducation@gmail.com मा पठाउनु पर्नेछ ।
   ग) छात्रवृत्ति रकम र कोटा: – नेपाल सरकार चिकित्सा शिक्षा आयोगले चालु आ व को लागि MBBS अध्ययन गर्न निर्धारण गरेको जम्मा शुल्क बराबर हुने गरी बार्षिक रकम निर्धारण गरिने र ९ जना लाई छात्रवृत्ति उपलब्ध गराइने ।